# मल्लरानी गाउँपालिका, प्यूठान

## वार्षिक प्रगति विवरण २०८२/८३

**मितिः २०८३ श्रावण १८ गते सोमबार**

आ.व. २०८२/८३ मा मल्लरानी गाउँपालिका अन्तर्गत गाउँकार्यपालिका, वडा कार्यालयहरु, स्वास्थ्य तथा शैक्षिक संस्थाहरुबाट सम्पादन भएका सम्पूर्ण विकास निर्माण तथा सेवा प्रबाह सम्बन्धी कामकाजको उपलब्धी/प्रगति समिक्षा देहाय बमोजिम गरिएको छ ।

**१. आय व्यय विवरणः**

| आय | | | |
|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आय (%) |
| **संघीय सरकार** | **३०,५८,५६,०००.००** | **२८,१०,१५,४०१.७९** | **९१.८८** |
| १३३११ समानिकरण अनुदान | ७,९१,००,०००.०० | ७,२३,३६,९५०.०० | ९१.४५ |
| १३३१२ शसर्त अनुदान चालु | १७,१६,५६,०००.०० | १६,१४,८८,२१९.७९ | ९४.०८ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ३,१९,००,०००.०० | ३,०६,७६,५६८.०० | ९६.१६ |
| १३३१४ विषेश अनुदान चालु | १,१२,००,०००.०० | ९२,२७,८८३.०० | ८२.३९ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | १,२०,००,०००.०० | ७२,८५,७८१.०० | ६०.७१ |
| **प्रदेश सरकार** | **२,२७,८७,०००.००** | **१,८६,७३,६७१.००** | **८१.९५** |
| १३३११ समानिकरण अनुदान | ५३,३८,०००.०० | ५३,३८,०००.०० | १००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ९,४९,०००.०० | ७,३२,४२५.०० | ७७.१८ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ७०,००,०००.०० | ५४,०१,२१५.०० | ७७.१६ |
| १३३१५ विषेश अनुदान पुँजीगत | २०,००,०००.०० | १४,५२,३४५.०० | ७२.६२ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७५,००,०००.०० | ५७,४९,६८६.०० | ७६.६६ |
| **राजस्व बाडफाड** | **८,१४,१५,६६४.००** | **८,०१,४७,४८५.०७** | **९८.४४** |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,५८,५२,२४८.०० | ५,०१,७३,३४७.६५ | ८९.८३ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | १,८६,१७,४१६.०० | २,२९,२४,२६१.७५ | १२३.१३ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ६८,५१,०००.०० | ६७,८३,६५१.१४ | ९९.०२ |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | 95000 | २,६६,२२४.५३ | २८०.२४ |
| **अन्तरिक श्रोत** | ४,०६,१९,३८५.०० | ४,५६,५०,९९६.७६ | **११२.३९** |
| **जम्मा** | ४५,०६,७८,०४९.०० | ४२,५४,८७,५५४.६२ | ९४.४१ |

| व्यय | | | |
|---|---|---|---|
| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| चालु | २९,२७,६६,५००.०० | २६,३६,९६,५६६.०५ | ९०.०७ |
| पूंजीगत | १५,७९,११,५४९.०० | १३,१८,५२,००८.१९ | ८३.५० |
| जम्मा | ४५,०६,७८,०४९.०० | ३९,५५,४८,५७४.२४ | ८७.७६ |

## २. आर्थिक विकास तर्फ

१. आकस्मिक बालि संरक्षण कार्यक्रम अन्तर्गत प्रथम पटक ८, दोस्रो पटक ११, तेस्रो पटक १३ र चौथो पटक ११ प्रकारका विषादी जम्मा ७८१ जनालाई निशुल्क वितरण गरिएको ।

२. कृषि उत्पादन प्रोत्साहन कार्यक्रम अन्तर्गत तराकारी ४०३९९ के.जि. , प्याज/लसुन ३५१० के.जि., अदुवा/बेसार ६७० के.जि., फलफूल ३६१३.५ के.जि. र च्याउ ४९१.५ के.जि. बरावर उत्पादन गरेवापत ७८ जना किसानहरुलाई चौमासिक रुपमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराईएको।

३. बाली उपचार शिविर/घरदैलो उपचार सेवा अन्तर्गत १८२ जना किसानहरुको रोग कीरा र अन्य समस्याहरुको फील्ड र कार्यक्रम स्थलमै उपचारको लागि प्राविधिक परामर्श तथा आवश्यक बानस्पतिक विषादी प्रदान गरिएको।

४. अगुवा कृषक भ्रमण/सिकाई आदान प्रदान कार्यक्रममा ३२ जना कृषकलाइ स्वर्गद्धारी न.पा मा संचालित ९ लामाचौर सुवेच्क्षा कृषि फर्म प्युठान न.पा ३ मा संचालित विजय नगर महिला सहकारी प्युठान न.पा ८ मा संचालित जि.सी कृषि पर्म र प्युठान न.पा ८ मा संचालित गुन्द्रुक नेपाल प्रा.ली मा भ्रमण गराईएको ।

५. व्यावसायिक कृषकलाई कम्पोष्ट मल निर्माण तथा व्यवसायिक खेती कार्यक्रममा ३० जना कृषक समावेस गरी ३ दिवसिय तालिम संचालन गरिएको जसमा कृषकहरुलाई कम्पोष्ट मल व्यवस्थापन , विभिन्न झोल मल ,जिवाम्मृत विजाम्मृत वनाउने र कृषकहरुलाइ विषादी छर्कदा लगाउने शूरक्षित कवज वितरण गरिएको ।

६. विभिन्न किसानहरु, सञ्जाल सदस्यहरु र सरोकारवालाहरु बीच कृषकका समस्याहरु र अरु कृषि सँग सम्बन्धित विषयहरुमा छलफल गरिएको।

७. अदुवा पकेट विकास कार्यक्रम निरन्तरता अन्तर्गत ८५ जना किसानलाई २ पटक अदुवा खेती तालिम, प्लाष्टिक क्यारेट १० थान, त्रिपाल १८ थान, अदुवाको विउ ९२ क्विन्टल, मिलिटिलर २ थान वितरण गरिएको।

८. आलु पकेट विकास कार्यक्रम अन्तरगत आलु खेती तालिम २ पटक कार्डिनल आलुको विउ ९५ क्विन्टल, डिजिटल तराजु १ थान र मिनिटिलर ३ थान वितरण गरिएको जसबाट ४१ जना किसान लाभाम्वित भएको।

९. ५०% अनुदानमा १४० क्विन्टल आलु आगामि वर्षको लागि सित भण्डारमा लगिएको।

१०. मकै विउ उत्पादन कार्यक्रम अन्तर्गत १५६ जना किसानलाई ४ पटक तालिम, (मनकामना ३) मकैको मुल विउ ७०० के.जी., डिजिटल तराजु १ थान, मिनि टिलर ३ थान कप थ्रेसर ४ वटा सिड विन ७ सेट, कोदालो २२२ वटा र स्पेयर ५ वटा वितरण गरिएको ।

११. उपचार सेवा कार्यक्रम अन्तर्गत ८११ जना किसानको ४,२२० वटा इशुपंक्षीलाई उपचार सेवा दिईएको ।

१२. पहुँच नपुगेका टाढाका वस्तीका पशुपन्छिहरुलाई पशु स्वास्थ्य सिविर कार्यक्रम अन्तर्गत २५६ जना किसानहरुका ४,७६५ पशुपन्छिलाई उपचार तथा परिजिवी नियन्त्रण सेवा उपलब्ध गराईएको । ( गाई गोरु २८४, राँगा भैसी ३६६, भेडा बाख्रा २,४०५, कुखुरा १६२८, बंगुर १४ कुकुर ६८)

१३. पशुपन्छि उत्पादन विक्रि प्रोह्सान कार्यक्रम अन्तर्गत २१ जना कृषकले पशुपन्छि जन्य उत्पादनबाट २,२०,०००।– अनुदान प्राप्त गरेको। ( २४१०.५ के.जी. खसि बोका, ८१९० क्यारेट अण्डा ४४ के.जी. घ्यु)

१४. ३० कृषक लाई खनिज ढिक्का बनाउने प्रयोगात्मक तालिम दिई कृषकहरुले आफै स्यानिय श्रोत साधन प्रयोग गरी खनिज ढिक्का बनाउन सक्षम भएको ।

१५. बिभिन्न रोगको खोप खरिद तथा आकस्मिक उपचार सेवा कार्यक्रम अन्तर्गत ३०३७ गाई/भैसीं लाई खोरेत खोप लगाएको र १७९९९ पि.पि.आर. खोप बाख्रामा लगाएको ।

१६. डोर टु डोर कार्यक्रमबाट १७ ओटा गाई/भैसीको गाईनोक्लोजिकल रोगहरुको पहिचान गरी उपचार भएको ।

१७. ७.कृत्रिम गर्भाधान मिसन कार्यक्रमबाट भैसीं १२९ र गाई २३ र बाख्रा२ मा कृत्रिम गर्भाधान गराईएको।

१८. डेरी पर्वर्द्धन कार्ग्रम अन्तर्गत ५०० लि. चिलिङ्ग भ्याट, ८ के.भि.ए. जेनेरेटर, पनिर प्रेसर र मिल्क क्यान खरिद गरी ५०% अनुदानमा डेरी व्यवसायीलाई वितरण गरिएको।

१९. गाई/भैसी प्रवर्द्धन कार्यक्रम४ गोटा गाई/भैसींको गोठ निर्माण गरिएको ।

२०. कुकुरमा रेविज नियन्त्रण कार्यक्रम अन्तर्गत १५१ वटा कुकुरमा रेबिज खोप लगाईएको।

२१. गाई/भैसीको नयाँ पकेट बिकास कार्यक्रम अन्तर्गत १५ ओटा भैसी ३ आटा थोरे भैसी २आटा राँगा खरिद गरि बितरण भएको, ४६ आट गोठ सुधार भएको, १५ गोटा ईलेक्ट्रिक च्याँप कटर र १ गोटा हाते च्याँप कटर खरिद गरि बितरण गरिएको ।

२२. १७ जना वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई आन्तरीक रोजगारी प्रवर्द्धनका लागि उध्यमशिलता विकास तालिम प्रदान गरिएको ।

२३. गाउँपालिकामा रोजगारीका सवालहरु पैरवी गर्न तथा समन्वयात्मक भूमिका निर्वाह गर्नका लागि रोजगार संवाद मञ्च गठन गरियो ।

२४. आन्तरिक रोजगारीतर्फ गाउँपालिकामा सूचिकृत ८२ जना व्यक्तिहरु १०० दिनको कार्यक्रममा समावेश भइ विकास निर्माणमा समावेश भएको ।

२५. आ व ०८२।८३मा गाउँपालिकाका सबै वडाहरुमा श्श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गत जसमा रोजगारसेवा केन्द्रको भूमिका तथा बेरोजगार सूचीकरणका बारेमा अभिमूखीकरण कार्यक्रम संचालन गरियो।

२६. वैदेशिक रोजगारीमा जान चाहेका ८१ जनाको रोजगार सेवा केन्द्रमार्फत पुन:श्रम स्वीकृतिमा सहजीकरण गरीएको थियो।

२७. वैदेशिक रोजगारीमा गइ समस्यामा परेका १ जनाको दुबइबाट उद्दार भइ उपचार बापतको रकम प्राप्त भइसकेको छ ।

२८. घरेलु तथा साना उद्योग विकास कार्यालयसंगको समन्वयमा श्रमिकसंगको अन्तर्क्रिया कार्यक्रम संचालन भएको जसमा मल्लरानी गाउँपालिकाका सूचकृत ९८ जनाको उपस्थिति रहेको थियो।

२९. सुरक्षति वैदेशिक रोजगारी सम्बन्धी १८ विभिन्न समुदाय स्तरमा गहन अभिमुखीकरण कार्यक्रम संचालन गरियो ।

३०. अन्तराष्ट्रिय आप्रवासी दिवसको अवसरमा सुरक्षति वैदेशिक रोजगारी र सामी कार्यक्रमसम्बन्धी १ वटा जिल्लास्तरिय अन्तर्क्रिया कार्यक्रम संचालन भएको.

३१. मल्लरानी गाउँपालिकाको न्यायिक समिति, निर्वाचित वडा जनप्रतिनिधि, मेलमिलापकर्ताहरूसँग १ दिने सुरक्षित वैदैशिक रोजगारी सम्बन्धी अन्तर्क्रिया कार्यक्रम संचालन भएको

३२. सामी कार्यक्रमका लागि समन्वयात्मक भूमिका निर्वाह गर्नका लागि जिल्ला प्रशासन कार्यालय, गाउँपालिका, रोजगार सेवा केन्द्र, आप्रवासी स्रोत केन्द्र व्यवस्थापन समिति र नेपाल प्रहरीबीच १ वटा अन्तरक्रिया कार्यक्रम संचालन भएको

३३. जिल्लातहमा जिल्ला प्रहरी र प्रहरी चौकीका इन्चार्जहरू लक्षित सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी १ वटा अभिमुखीकरण कार्यक्रम संचालन भएको

३४. गाउँपालिकाको विषयगत समिति/शाखा (श्रम तथा रोजगार, स्वास्थ्य, सहकारी, जेसी सम्पर्क व्यक्ति, रोजगार संयोजक, न्यायिक समिति, अनुगमन समिति) सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको

३५. जिल्लातहमा वैदेशिक रोजगारी विषयमा ३ वटा संचार माध्यम परिचालन भएको

३६. स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक संचालन भएको

३७. सरोकारवाला बैंक तथा वित्तिय संस्था संग वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श सम्वन्धि अन्तर्कृया कार्यक्रम संचालन भएको

३८. २ वटा समूहका ४८ जना सहभागीहरुले २१ हप्ते वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा लिएको

३९. १७८ जना सहभागीहरुले वित्तीय साक्षरता मोड्युल कार्यक्रम अन्तर्गत १ दिने विद्यालय तहमा संचालित कक्षा समूह तथा सहभागी संख्या(९० मिनेट संचालन भएको

४०. ६८ जना सहभागीहरु तीन दिने वित्तीय साक्षरता कार्यक्रममा समावेश भएका

४१. आ व ०८२।८३ मा आप्रवासी स्रोत केन्द्रबाट ४५५२ जनाले सूचना तथा परामर्श सेवा लिएको

४२. गरीबी निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम अन्तरगत २ वटा सिप बिकास तालीम माग भएकोमा १० दिने चप्पल बनाउने सम्बन्धि १२ जनाको उपस्थतिमा सिप विकास तालीम र १ महिने बुटिक सम्बन्धि १२ जनाको उपस्थतिमा सिप विकास तालीम वडा नं. २ समपन्न गरिएको।

४३. प्रविधि हस्तान्तरण अन्तर्गत १२ जना सहभागीलाइ चप्पल बनाउने फर्मा र १२ जना सहभागीलाइ बुटिक गर्ने रिङ हस्तान्तरण गरिएको साथै मल्लरानी गाउपालीका वडा नं २ कुडारामा आ व ०८२।८३मा सीप विकास तालीम लिइयका २४ जना मध्य ४ जनाले व्यावसाय सन्चालन गरी बसेका लघु उद्यमीहरुलाई प्रविधी हस्तानत्तण गरिएको।

४४. मल्लरानी गाउंपालीका वडा नं ३ मा ०८१।८२ मा सिप विकास तालीम लिइयका सहभागीहरुको आवश्यकता पहिचान गरी ५ जना सहभागीहरुलाइ चप्पल बनाउने सम्बन्धि स्तरउन्नती सीप विकास तालीम सम्पन्न गरिएको ।

४५. लघु बित्तमा पहुच, ब्याबसायीक परामर्श र बजारीकरण सम्बन्धि १/१ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

४६. ८ वटै सहकारीहरुमा अनुगमन सुपरिवेक्षण गरिएको।

४७. २१ जना सहकारीका कर्मचारीहरुलाई कोपोमिस तालिम प्रदान गरिएको।

### ३. <u>सामाजिक विकास तर्फ</u>

१. गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा १० स्वर्ण र ६ रजत सहित भूमिविकास मा वि सरङ्कोट गाउँपालिका प्रथम भएको साथै जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा १५०० मि दौड प्रतिक श्रेष्ठ र हाइजम्पमा विशाल सुनार जिल्ला प्रथम भइ प्रदेश स्तरमा पुग्न सफल भएको,

२. एस इ इ को नतिजा २०८१ मा ५९.९१% बाट २०८२ मा ७५.१९% पुगेको भने २०८२ को एस.इ.इ. मा मल्लरानी गाउँपालिकाको उत्तिर्ण प्रतिशत जिल्लामा दोस्रो भएको साथै कक्षा ८ मा ८१.५६ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको,

३. शिक्षकहरुको तलवी प्रतिवेदन EMIS संग जोडिएको,

४. १५ बालबिकासमा ६ सिकाइ कुना व्यवस्थापन भएको,

५. १६१२ जना विद्यार्थी दिवा खाजाबाट लाभान्वित हुनुका साथै विद्यालय निरन्तरता दिएका,

६. ५७ जना प्राविधिक धारका विद्यार्थीले मौसम अनुसार तरकारी, फलफूल उत्पादन गरी विक्रि वितरण गरेको ।

७. २३ जना शिक्षकलाई एकिकृत पाठ्यक्रम सम्बन्धी क्षमता विकास तालिम प्रदान गरिएको साथै २४ जना शिक्षकलाई ICT सम्बन्धि क्षमता विकास तालिम दिईएको।

८. तोकिएको समयमा पाठ्यपुस्तकको रकम निकासा गरी सामुदायिक विद्यालयमा अध्ययनरत २७२६ जना विद्यार्थीहरुले समयमै पाठ्यपुस्तक प्राप्त गरेका,

९. कक्षा ८ र एस ई ई मा उत्कृष्ट नतिजा ल्याउने १३ शिक्षक, ६ विद्यार्थी र ६ वटा विद्यालयलाई सम्मान तथा प्रोत्साह गरिएको,

१०. २३ वटै विद्यालयमा सामाजिक परीक्षण र विद्यालय सुधार योजना निर्माण तथा इन्टरनेट व्यवस्था भएको ।

११. ४ प्राथमिक विद्यालयमा इ हाजिरी प्रयोगमा रहेको,

१२. ४६३ दलित, ३५४ छात्रा र ३० जना विद्यार्थीले अपाङ्ग छात्रवृत्ति प्राप्त गरेका साथै कक्षा ६ र १२ मा अध्ययनरत ८९ विद्यार्थीहरुले विपन्न लक्षित छात्रवृत्ति प्राप्त गरेका

१३. २३ वटा विद्यालयहरुमा आधारभूत तहमा पठन र लेखन सिपको विकास गर्न सुधारात्मक शिक्षण गरिएको साथै घरमा पढ्ने वातावरण मिलाउन र विद्यार्थीहरुलाई मोवाइलको दुरुपयोग गर्न नदिन अभिभावक शिक्षा सञ्चालन गरिएको ।

१४. १९ विद्यालयमा कक्षा १-५ आकर्षक बसाइ व्यवस्थापन र शैक्षिक सामाग्रीले सजिएको कक्षाकोठा व्यवस्थापन विषयमा शिक्षकहरु संग छलफल गरिएको ।

१५. रोष्टर शिक्षक सुपरिवेक्षण, शिक्षा शाखा ,गाउँपालिका र जनप्रतिनिधिले २३ वटै विद्यालयमा अनुगमन गरी पृष्ठपोषण प्रदान गरिएको,

१६. प्रथम त्रैमासिक, दोस्रो त्रैमासिक र बार्षिक परीक्षाको समिक्षा विद्यालय र गाउँपालिका स्तरमा गरिएको।

१७. सामुदायिक विद्यालयका १३३४ जना छात्राहरुलाई महिनावारी व्यवस्थापनमा सहजताका लागि निशुल्क सेनेटरी प्याडको व्यबस्था गरिएको ।

१८. जनकल्याण आ वि चौथिलगाउनेमा इ-लाइबेरी र बिज्ञान प्रयोगशाला व्यवस्थापन भएको ।

१९. वडा नं. ४ र ५ अन्तर्गतका १ देखि ९ कक्षा सम्मका पहिलो, दोस्रो र तेस्रो हुने विद्यार्थीहरुलाई शैक्षिक सामाग्री सहित सम्मान गरिएको।

२०. २० जना स्वास्थ्यकर्मीहरुलाई आकस्मिक अवस्थामा औषधी एंव ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण गरिएको ।

२१. पालिका अन्तर्गतका ४४,१८३ जना नयाँ तथा पुराना विरामीहरुलाई (पटक पटक गरि) आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिद गरि निशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको।

२२. समुदाय स्तरमा ४२ जना खकार, १२५ जनाको AI एक्सरे, ८६६ जनाको विद्यार्थिहरुको रक्तपरिक्षण गरिएको ।

२३. ३ वटा विद्यालयमा BMI स्क्रिनिङ कार्यक्रम गरि विद्यालयमा अध्ययनरत ११०२ जना किशोर किशोरीहरुलाई आईरन चक्की खुवाईएको ।

२४. ३०-४९ वर्ष उमेर समुहका महिलाहरुमध्ये कुल १५३ जनाको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ, १७४ जना स्तन क्यान्सर स्क्रिनिङ, १५३ जना फिस्टुला स्क्रिनिङ, १५३ जना पाठेघर खस्ने समस्याको स्क्रिनिङ गरिएको ।

२५.लक्षित प्रजनन उमेर समुहका व्यक्तिहरुमा ३३७ जनालाई पिल्स, ५६६ जनालाई डिपो, १२९ जनालाई आईयुसिडि, ४२१ जनालाई ईम्प्लान्ट, ३ जनाको स्थायी बन्ध्याकरण र २७९२० पिस कन्डम वितरण गरिएको ।

२६.लक्षित समूहका ८४३ जनाको पोषण लेखाजोखा, विद्यालयहरुमा ३६ पटक पोषण कार्यक्रम, २२४७ जनालाई भिटामिन ए थोपा, २०२४ जनालाई जुकाको औषधी वितरण कार्यक्रम गरिएको ।

२७.३० जना दिर्घरोगीहरुलाई मासिक ५००० का दरले उपचार रकम निरन्तर प्रदान गरिएको।

२८.३५ जना महिला स्वास्थ्य स्वयंसेबिकाहरुलाई नसर्ने रोग र मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको ।

२९.मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत ८३ जनाको संस्थागत प्रसुति, १७२ जनाको ग्रामिण अल्ट्रासाउण्ड, २३९ जनाको पूर्व गर्भजाँच, १६४ जनाको उत्तर प्रसुति जाँच, ११० जनालाई न्यानो झोला सहित लक्षित समूहका गर्भवति तथा सुत्केरी महिलाहरुको लागि आमा सुरक्षा सेवा प्रदान गरिएको।

३०.२४३ घरधुरी सर्वेक्षण गरि वडा तथा पालिका पूर्ण खोप तथा दिगोपन कार्यक्रम सम्पन्न, विद्यालयका १६० जना किशोरीहरुका लागि एच पि भि खोप प्रदान गरि ५ वटै वडा सहित गाउँपालिका पूर्ण खोप गाउँपालिका घोषणा गरिएको।

३१.समुदायस्तरमा नसर्ने रोग अन्तर्गत १४४० जनाको मधुमेह परिक्षण, १४४९ जनाको रक्तचाप परिक्षण, १४१४ जनाको मृगौला परिक्षण गरिएको ।

३२.३१६२ जना विद्यार्थीहरुको मुटुजाँच गरिएको।

३३. ५ जना स्वास्थ्यकर्मिहरुलाई प्रदेश तालिम केन्द्र बुटवलमा ईम्प्लान्ट/ आईयुसिडी सम्बन्धी तालिममा पठाईएको।

३४.३५ जना महिला स्वास्थ्य स्वयंसेबिकाहरुलाई मेडिक मोबाईल र १४ जना स्वास्थ्यकर्मिहरुलाई Pams V2 तालिम प्रदान गरिएको ।

३५.५ जना एच आई भि सङ्क्रमित विरामीहरुलाई मासिक १००० का दरले पोषणभत्ता उपलब्ध गराईएको।

३६.सबै लक्षित उमेर समूहका बालबालिकाहरुमा २०० जनामा बि.सि.जि., २३३ जनालाई पेन्टा, २४४ जनालाई MR2 र ११४ जनालाई TD2 खोप प्रदान गरिएको।

३७.पालिकाभित्रका सुत्केरी तथा विपन्न नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिईएको ।

३८.४० जना महिलाहरुको आत्मविश्वास, नेतृत्व ,क्षमता र ब्यवहारिक सीप विकास सम्बन्धी कार्यक्रम गरिएको।

३९.५ वटा माध्यमिक विद्यालयका २८१ जना विद्यार्थीहरुलाई सुरक्षित डिजिटल ब्यवहार सम्बन्धी क्षमता विकास तालिम तथा तनाव ब्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको।

४०.५७० जनाको सहभागितामा वडा/गाउँपालिका स्तरमा लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान तथा मानव अधिकार दिवश संचालन गरिएको।

४१.७७ जनालाई लैङ्गिक हिंसा, घरेलु हिंसा न्यूनीकरण तथा आत्महत्या निरुत्साहित बिषयमा अभिमुखिकरण गरिएको ।

४२. २९८ जना जेष्ठ नागरिकहरुलाइ निशुल्क आँखाको औषधीउपचार गरीएको जसमा २८ जनाको आँखाको शल्यक्रिया तथा १७२ जनालाई चस्मा उपलब्ध गराईएको ।

४३.प्यूठान क्याम्पसमा अध्यनरत ४० जना विधार्थीहरु विच ज्येष्ठ नागरिक अन्तरपुस्ता ज्ञान तथा अनुभव आदानप्रदान तथा नैतिक शिक्षासम्बन्धी कार्यक्रम गरिएको ।

४४. ज्येष्ठ नागरिकहरु विच भेटघाट,आपासी मेलमिलाप तथा मनोरञ्जन प्रयोजनका लागि १ वटा जेष्ठनागरिक मिलनकेन्द्र संचालनमा ल्याईएको ।

४५.५ वटै वडाका १८ जना अपाङ्ग सञ्जाल सदस्यहरु विच १ पटक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम, १७ जना अपाङ्गता भएका ब्यक्ति तथा संरक्षकहरु लाई कुखुरापालन तालिम तथा कुखुरा वितरण र ३२ जना अपाङ्गता भएका व्यक्तिलाइ अति आवश्यक सहायक सामाग्री वितरण गरिएको ।

४६.बार्षिक रुपमा ९ जना हिंसा पिडित महिला तथा किशोरीहरुलाई अल्पकालिन सेवा केन्द्रमा सुरक्षित आश्रय सहित न्यायीक निकायसगंको समन्वयमा पुनस्थापना गरिएको।

४७.अपाङ्गता भएका ब्यक्ति र संरक्षकहरुको क्षमता विकासका साथै वडा तथा पालिका स्तरीय अपाङ्गता सञ्जाल पुनरगठन गरी पालिका स्तरमा अपाङ्गता दिवसको अवसरमा ५४ जनाको सहभागीतामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।

४८. वडा स्तरमा ३०६ जना र पालिका स्तरमा ५९ जना दलित सहभागीमा वडा तथा पालिका स्तरमा दलित सञ्जाल गठन तथा परिचालन गरिएको ।

४९.५ वटै वडामा २७० जनाको सहभागीतामा वडा स्तरीय आदिवासी जनजाती सञ्जाल गठन तथा नेतृत्व चयन गरिएको ।

५०. पालिका स्तरमा महिला,बालबालिका र ज्येष्ठ नागरिकहरु विच ३ पटक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।

५१.पालिका स्तरमा ३५ जना अभिभावकहरुको सहभागितामा बालबालिकाको सर्वाङ्गीण विकासका लागी राज्यले प्रदान गरेको बाल पोषण भत्ताको प्रभावकारी उपयोगका बारे अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।

५२.शारिरीक अपाङ्गता आवास गृहमा रहेका १० जना बालबालिकाहरुको आधारभुत आवश्यकता पुरा गर्नमा सहयोग गरिएको ।

५३. क वर्ग को महिला १ जना, ख वर्गको महिला ४ जना, पुरुष ६ जना, ग वर्गको महिला २ जना, पुरुष १ जना र घ वर्गको महिला १ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको।

५४.वडा नम्बर २ का सुनौला हजार दिनका २८ जना विपन्न महिलालाई पोषण सुधारका लागि आयआर्जन अनुदान स्वरुप जनहि २५,०००।— बरावरको बाख्रा वितरण गरिएको।

५५. मल्लरानी गाउँपालिका वडा नम्बर १, २, ४, ५ का ३५ जनालाई सहभागीलाई वाल पोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिएको।

५६. मल्लरानी गाउँपालिकाका ०-२३ महिनाका वालवालिकाहरुको बृद्धि अनुगमन औषत १८ पटक भन्दा माथि भएका वालवालिकालाई प्रोत्साहन गरेको जसमा सबै वडाबाट ७० जना आमाहरुलाई फिल्टर र हटकेश वितरण गरिएको ।

५७. मल्लरानी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा विद्यालयहरुमा प्रयोग हुने खानेपानीमध्ये १६ स्थानको मुहानको पानीको नमूना परिक्षण गरिएको।

५८. मल्लरानी गाउँपालिका वडा नम्बर २ मा सुनौला हजार दिनका ९५ जना आमाहरुलाई विउपल वितरण गरिएको ।

## ४. पूर्वाधार विकास तर्फ

१. उपभोक्ता समिति तर्फ ९८ वटा योजनाहरु कार्य सम्पन्न भएको, जसमा ११.२% अर्थात् २१,८२,७९०।— रुपैया वरावरको जनश्रमदान भई ९७.७१% भौतिक प्रगति भएको।

२. धर्म संस्कृति र पर्यटन अन्तर्गत रु १८ लाख लागतमा खलङ्गामा कृष्ण मन्दिर निर्माण भएको ।

३. पर्यटन प्रवर्द्धनका लागि मल्लरानी डाँडामा १ वटा मल्लरानी लेखिएको हिल साईन बोर्ड व्यवस्थापन गरिएको ।

४. मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य करिब २२% सम्पन्न भएको ।

५. संघिय समपुरक अनुदान अन्तर्गत देउराली थाम सोलहाल्ना मोटरबाटो १२३० मि. नयाँ ट्र्याक निर्माण कार्य भएको।

६. प्रदेश समपुरक अनुदान अन्तर्गत धरमपानी रैजनपानी चौरपानी मोटरबाटोमा ९ कि.मि. सडक चौडा गर्ने, ६१० मि. पक्कि नालि, ६०० मि. ग्राभेल, २१ मि. आर.सि.सि ढलान र १५ मि होम पाईप जडान गर्ने कार्य भएको।

७. प्रदेश समपुरक अनुदान अन्तर्गत थापाँ डाँडा भञ्जाङ प्यूठान क्याम्पस हुँदै बसपार्क जाने मोटरबाटो निर्माण २८३ मि. नयाँ ट्र्याक निर्माण, २५७ मि. सडक चौडा, ४२६ मि. पक्कि नालि, २७० मि. ग्राभेल, ५२ मि. आर.सि.सि. ढलान र ३२ मि. प्लम कङक्रिट वाल निर्माण भएको।

८. सरस्वती आ.वि. बञ्चरेमा ४ कोठे विद्यालय भवन निर्माण र महेन्द्र मा.वि. खलंगामा ४ कोठे विद्यालय भवन, २ कोठे अधुरो भवन २८ मि. प्लम कङक्रिट वाल तथा शौचालय निर्माण भएको।

९. निशानटाकुर धनुबाष जेविन्डाँडा हुँदै चुँजाठाटी बाटो निर्माण कार्यमा १८९३ मि. सडक चौडा, १५४५ मि. सडक ग्राभेल, ५११ मि. नयाँ ट्र्याक, २२० मि. आर.सि.सि. ढलान तथा १० मि. होम पाईप जडान कार्य भएको।

१०.कजुवा भाडखोला झाक्रिस्थान गुठकसेरी मोटरबाटो स्तर उन्नती कार्यमा ६ मि. स्पान भएको १ वटा कल्भर्ट २०० मि. पक्कि नाली १२० मि. सडक चौडा १०० मि. ग्राभेल, ३८ मि. आर.सि.सि ढलान १५ मि. पर्खाल, ५३ घ.मि. जाली तथा १२.५ मि. होम पाईप जडान कार्य भएको।

११.मरभुङ सिउते वडा कार्यालय हुँदै चुँजा टाकुरी मोटरबाटो निर्माण कार्यमा ९३ मि. आर.सि.सि. ढलान १०० मि सडक ग्राभेल, १२.५ मि. होम पाईप तथा ३३ मि. जाली भर्ने कार्य भएको।

१२.खैरा कुमिकोट बाजोबारी हुँदै धुदि मोटरबाटो निर्माण कार्यमा २८० मि. पक्कि नालि, १६ मि प्लम कङक्रिट वाल तथा १६० मि. जालि भर्ने कार्य भएको।

१३.कुमिकोट कालखोला जोरपोखरी सरङ्कोट मोटरबाटो निर्माण कार्यमा ५९३ मि. पक्कि नालि, २१ मि. प्लम कङक्रिट वाल, ४११ मि. सडक ग्राभेल कार्य भएको।

१४.लामबेला सारिवाङ्ग मोटरबाटो स्तर उन्नति कार्यमा १२१ मि. पि.सि.सि.ढलान १८६ मि. सडक ग्राभेल, १३८ मि. पक्कि नालि, ५ मि. होम पाईप तथा ६८ मि. जालि भर्ने कार्य भएको।

१५.खजुरे लिफ्ट खानेपानी योजनामा १ वटा ५० के.भि.ए. ट्रान्सफर्म जडान, १७ वटा विद्युतिय पोल जडान, २९०० मि. ओ ५ र १७०० मि. ओ ३ विद्युतिय तार तान्ने तथा फिटिङ कार्य सम्पन्न भएको।

१६.पिपलनेटि अरौटि झाक्रिसल्ला हरिथुङ्गा ठुलाचौर अल्काबाझ मोटरबाटो निर्माण कार्यमा ४२७ मि नयाँ ट्र्याक, २०६ मि. पक्कि नालि तथा ८७ मि. वाल निर्माण कार्य भएको।

१७.सरङ्कोट भुल्के र झिम्रुक लिफ्ट खानेपानीमा १०० के.भि.ए. को ट्रान्सफर्म, विभिन्न विद्युतिय सामाग्री एच.डि.पि.ई पाईप र फिटिङ आईटमहरु खरिद तथा जडान कार्य भएको।

१८.बान्ना खोलामा आर.सि.सि. संरचना सहितको ५ मि. बक्स कल्भर्ट निर्माण भएको।

१९.झिम्रुक मल्लरानी लिफ्ट खानेपानी योजनामा पावर हाउस संरक्षणका लागि २०८ घ.मि. जालि भर्ने कार्य भएको।

२०.सरङ्कोट दरभाने लिफ्ट खानेपानी निर्माण योजनामा इन्टेक ईनार चारै तिर एक्साभेटर प्रयोग, फिल्टर ग्राभेल, Perforated पाईप तथा ३४० घ.मि. ग्याविन जालि लगाईएको।

२१.पैयाबारी अदुवा बारी मोटरबाटो निर्माण कार्यमा ४४२ मि. नयाँ ट्र्याक निर्माण भएको।

२२.समग्रमा १९,०१३ मि. सडक विस्तार तथा चौडा गर्ने कार्य, २८१३ मि. नयाँ ट्र्याक निर्माण ३२१२ मि. सडक ग्राभेल, २२४७ मि. पक्कि नालि, ९७६ मि. आर.सि.सि. ढलान, ९०५ घ.मि. जालि भर्ने कार्य, २१६ मि. प्लम कङक्रिट वाल, ५० मि. होम पाईप जडान, ३ वटा भवन निर्माण कार्य र २ वटा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको।

२३.१५ शैया अस्पताल निर्माण कार्य ७९.११% निर्माण कार्य सम्पन्न भएको र चालु आ.व.मा सम्पन्न गर्ने लक्ष्य लिईएको।

## ५. सुशासन तथा संस्थागत विकास तर्फ

**१.जनशक्ति ब्यवस्थापन**

a. कुल दरवन्दी संख्या ४२

b. पदपूर्ति संख्या २६

c. रिक्त दरवन्दी संख्या १६

i. अधिकृत स्तरः २ वटा (कृषि अधिकृत र शिक्षा अधिकृत)

ii. सहायक स्तर पाँचौं ९ वटा ( वरिष्ठ प्रशासन सहायक ४, आ.ले.प.१, लेखा सहायक १, पशु सेवा प्राविधिक २, सव इन्जिनीयर १)

iii. सहायक स्तर चौंथो ५ वटा ( प्रशासन सहायक २, अ.स.ई.२, पशु स्वास्थ्य प्राविधिक १)

iv. स्थायी र करार गरि जम्मा कार्यरत कर्मचारी संख्याः ५३ जना (स्थायी २६, का.स.स्थायी २ र करार २५)

२. गत आ.व. मा ५ जना कर्मचारी सरुवा भई आएको, ३ जना अन्यत्र सरुवा भई गएको, १ जना अनिवार्य अवकास भएको र जनस्वास्थ्य अधिकृत, वित्तीय साक्षरता सहजकर्ता र सवारी चालक गरी ३ जनाको सेवा करारमा पदपुर्ति गरिएको।

३. जना गरिव घर धुरी सर्वेक्षणका लागि ६ जना गणक सेवा करारमा पदपुर्ति गरिएको।

४. १८ वटा कार्यपालिका बैठक, ४ वटा गाउँसभा बैठक सञ्चालन भएको, कार्यपालिका बैठकका निर्णयहरु बेभसाईटमा सार्वजनिक गर्ने गरेको।

५. १ वटा ऐन र ६ वटा कार्यविधी गरी ७ वटा कानुन निर्माण गरिएको।

६. १४ वटा उजुरी प्राप्त भएको र १ वटा अल्या भई आएकोमा १० वटा उजुरी मेलमिलापबाट फर्छौट भएको र ५ वटा उजुरीको फर्छौट बाँकि रहेको, ५ वटा उजुरी अदालत पठाईएको।

७. जिल्ला स्तरीय न्यायिक समितिको बैठक तथा समिक्षामा ३ पटक सहभागी भएको जसमा १ पल्ट मल्लरानी गाउँपालिकामै सञ्चालन भएको।

८. विवाद समाधानको लागि पक्ष विपक्षलाइ एकै साथ उपस्थित गराउनका लागि मेलमिलापकर्ताहरु समेत परिचालन गरी गर्ने गरिएको

९. किनारा लागेका कतिपय लेनदेनका उजुरीहरुको कार्यान्वयनको लागि सम्बन्धित पक्षहरुसंग नियमित सम्पर्क गरी समाधान गर्ने प्रयास गरिएको

१०. जटिल प्रकृतिका एवं फौजदारी प्रकृतिका कतिपय उजुरीहरु लिएर आउने सेवा ग्राहीहरुलाइ सम्बन्धित निकाय सम्म पुर्याइ आवश्यक समन्वय गरिएको

११. जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरि कार्यालयसंग क्षेत्राधिकार भित्र र बाहिरका विवाद समाधान गर्ने सन्दर्भमा आवश्यक समन्वय गरिएको

१२. सरोकारवाला निकायहरुसंग समन्वय तथा सेवाग्राहिहरुमा कानुनि चेतनाको विकास भई विवादित दुवै पक्ष जीत / जीतको अवस्था सिर्जना भएको ।

१३. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरू नियमित रूपमा गाउँपालिकाको आधिकारिक वेबसाइट, फेसबुक पेज तथा सूचना पाटी मार्फत सार्वजनिक गरिएको छ। महत्वपूर्ण निर्णय, योजना, कार्यक्रम तथा सार्वजनिक सूचना समयमै नागरिकसम्म पुऱ्याउने व्यवस्था गरिएको छ।

१४. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम प्रत्येक तीन/तीन महिनामा कार्यालयबाट सम्पादन भएका गतिविधिहरूको त्रैमासिक स्वतः प्रकाशन नियमित गरिएको छ। सार्वजनिक निकायको पारदर्शिता र जवाफदेहितालाई थप सुदृढ गरिएको छ।

१५. गाउँपालिका, सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा सूचना अधिकारी तोकी सूचना व्यवस्थापनलाई प्रभावकारी बनाइएको छ।

१६. गाउँपालिकाका कार्यक्रम, निर्णय तथा सार्वजनिक सूचनाहरू स्थानीय एफ.एम. रेडियो मार्फत नियमित प्रसारण तथा प्रकाशन गर्ने व्यवस्था गरिएको छ।

१७. पालुशिद्ध प्रा.वि., आदर्श प्रा.वि., अमरज्योति प्रा.वि. र जनज्योति प्रा.वि. मा विद्युतीय हाजिरी प्रणाली जडान सम्पन्न भएको छ। हालसम्म गाउँपालिका तथा अन्तर्गतका २६ स्थानमा विद्युतीय हाजिरी प्रणाली जडान गरी गाउँपालिकाबाटै नियमित अनुगमन तथा व्यवस्थापन गर्दै आएको छ।

१८. गाउँपालिका, सबै वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा नियमित, भरपर्दो र व्यवस्थित इन्टरनेट सेवा सञ्चालन गरिएको छ। सेवा प्रवाह तथा सूचना आदान–प्रदानलाई थप प्रभावकारी बनाइएको छ।

१९. गणक परिचालन गरी अनलाइन प्रणालीमार्फत गरिब घरपरिवारको तथ्याङ्क संकलन कार्य सफलतापूर्वक सम्पन्न गरिएको छ। जम्मा ३४२३ घरधुरीको तथ्याङ्क संकलन गरिएको ।

२०. यस आर्थिक वर्षमा १२ वटा सामुदायिक विद्यालय (मा.वि., आ.वि. र प्रा.वि.) तथा ३ वटा वडा कार्यालय मा CCTV क्यामेरा जडान गरिएको छ। गाउँपालिकाबाटै केन्द्रीय रूपमा निगरानी गर्ने व्यवस्था गरी सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइएको छ।

२१. नियमित सेवा प्रवाहमा अवरोध नआओस् भन्ने उद्देश्यले कम्प्युटर, नेटवर्क तथा अन्य सूचना प्रविधि सम्बन्धी उपकरणहरूको वैकल्पिक व्यवस्था गरि व्यवस्थित गर्ने कार्य नियमित गरिएकोछ।

२२. गाउँपालिकाका सूचना, सूचना सन्देश तथा गतिविधिहरू प्रभावकारी रूपमा प्रसारण गर्न Outdoor Digital Video Screen Board स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

२३. गाउँपालिका, शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयहरूमा सञ्चालनमा रहेका सूचना प्रणालीहरूको प्रभावकारी सञ्चालनका लागि नियमित प्राविधिक सहयोग उपलब्ध गराइएको छ।

२४. कर्मचारी तथा सम्बन्धित निकायका प्रतिनिधिहरूलाई सूचना प्रविधि प्रणाली सञ्चालन, समस्या समाधान तथा डिजिटल सेवा प्रवाह सम्बन्धी क्षमता विकास तथा सहजीकरण कार्यक्रम नियमित सञ्चालन गरिएको छ।

६. राजश्व तर्फः

१. गत आ.व. मा ६२,००,१००।— रुपैया राजश्व संकलन गरिएको।

| क्र.स | राजस्व संकलन गर्ने कार्यालय | जम्मा राजस्व संकलन |
|---|---|---|
| १ | मल्लरानी गाउँ कार्यपालिकाको कार्यालय | २७,२६,९१६.७१ |
| २ | १ नं. वडा कार्यालय | ४,९९,९५३.३३ |
| ३ | २ नं. वडा कार्यालय | ६,१५,८९८.८६ |
| ४ | ३ नं. वडा कार्यालय | ८,०८,६२७.४९ |
| ५ | ४ नं. वडा कार्यालय | ११,०९,१०७.०६ |
| ६ | ५ नं. वडा कार्यालय | ४,३९,५९६.६५ |
| कुल जम्माः | | ६२,००,१०० |

२. शीर्षकगतरुपमा सङ्कलित राजश्वको विवरणः

| क्र.स. | राजस्व शिर्षक | वार्षिक लक्ष्य रु. | वार्षिक प्रगति रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | मालपोत कर | १५,७५,००० | ७,९८,१९१.९७ | ५०.६७ |
| २ | घर कर | ९,२४,००० | ६,०३,२४० | ६५.२८ |
| ३ | व्यवसाय कर | १०,५०,००० | ६,०५,८०५ | ४४.८२ |
| ४ | सिफारिस दस्तुर(व्यक्तिगत घटना दर्ता समेत) | २०,७९,००० | १४,२८,८७६.०४ | ६८.७२ |
| ५ | दण्ड जरिवाना | ८६,८३५ | ९,१०० | १०.४७ |
| ६ | बहाल कर | ५,७९,६०० | ५,६३,८६९.५० | ९७.२८ |
| ७ | अन्य कर(दहत्तर बहत्तर समेत) | ११,७४,९५० | २१,९१,०१७.४९ | १८६.४७ |
| जम्मा | | ७४,६९,३८५ | ६२,००,१०० | ८३ |

३. करदाता संख्या,व्यवसाय दर्ता, नविकरण तथा खारेजको विवरणः

| क्र.स. | विवरण | आ.व. २०८२/०८३ मा | आ.व.२०८२/०८३ सम्म कुल जम्मा |
|---|---|---|---|
| १ | करदाता संख्या | १५९ | ५४३२ |
| २ | व्यवसाय दर्ता | ३० | ६४७ |
| ३ | व्यवसाय नविकरण | ३२० | |
| ४ | निर्माण व्यवसाय(घ वर्ग) | १ | २६ |
| ५ | व्यवसाय खारेज | ४१ | ८८ |
| ६ | क्लव दर्ता | २ | २ |
| ७ | संघसस्था नविकरण | १ | |
| ८ | सुचिदर्ता पालिका बाहिरको | ८० | |
| ९ | सुचिदर्ता पालिका भित्रको | २१ | |

**७. सामाजिक सुरक्षा तथा पञ्जिकरणः**

१. ३९१८ जना अन्य जेष्ठ नागरिक, ८१८ जना दलित जेष्ठ नागरिक, ७८१ जना जेष्ठ नागरिक एकल महिला, १३०१ जना एकल महिला, १२५ जना पूर्ण अपाङ्ग, ४९३ जना अति अशक्त अपाङ्ग र १५२६ जना दलित बालवालिका गरि जम्मा ८९६२ जना आरक्षित व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता वापत रु.७,६७,१२,५६४।— रुपैया वितरण गरिएको।

२. ५ वटै वडाहरुमा गरी जम्मा ३९५ वटा जन्म दर्ता, १६५ वटा मृत्यु दर्ता, २२ वटा सम्बन्ध विच्छेद दर्ता, २०४ वटा विवाह दर्ता र ६६ वटा बसाई सराई दर्ता गरी जम्मा ८५२ वटा व्यक्तिगत घटना दर्ता गरिएको।

**विस्तृतमाः**

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी जाने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | दर्ता संख्या | |
| १ | ३७ | ३४ | ७१ | ८ | १३ | २१ | ५ | २५ | | १२ | १३४ |
| २ | ५६ | ३७ | ९३ | २० | १४ | ३४ | ५ | ४८ | | ५ | १८५ |
| ३ | ३९ | ३७ | ७६ | २१ | २२ | ४३ | ४ | ५७ | | १९ | १९९ |
| ४ | ६० | ५० | ११० | २० | २२ | ४२ | ३ | ४९ | ३ | १४ | २२१ |
| ५ | २२ | २३ | ४५ | १५ | १० | २५ | ५ | २५ | | १३ | ११३ |
| **जम्मा** | २१४ | १८१ | ३९५ | ८४ | ८१ | १६५ | २२ | २०४ | ३ | ६३ | ८५२ |

## ८. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

१. सबै वडाहरुमा रिचार्ज पोखरी निर्माण गरिएको ।

२. तितेपाति वृक्षारोपण कार्यक्रम सम्पन्न भएको।

३. गाउँपालिका र वडामा मौज्दात विपद सामाग्रीहरुको लगत संकलन, खरीद गरी आवश्यक स्थानमा विपद् प्रभावितहरुलाई वितरण गरिएको साथै १५ जना विपद् प्रभावितहरुलाई आर्थिक सहयोग गरिएको ।

४. फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाको आफ्नै ट्याक्टर खरिद भएको र सोही मार्फत फोहोरमैला व्यवस्थापन भईरहेको ।

## ९. वडा तर्फ

### वडा नं १

१. प्रहरी साझेदारी कार्यक्रमः रु. ३५,००० बजेटमा वडा बासीलाई लक्षित गरी गाउँ—टोल तथा बस्तीमा झैझगडा, गाली बेइज्जती र अन्य जघन्य अपराध न्यूनीकरणका लागि अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरी सामाजिक विकृति कम गर्न सहयोग गरिएको

२. जनता मावि कक्षा ८ र १० छात्रछात्रा बोर्ड व्यवस्थापनः रु. २,००,००० बजेटबाट कक्षा ८ र १० का विद्यार्थीका लागि बोर्ड व्यवस्थापन गरी करिब ३०० विद्यार्थीको पठनपाठनमा सहजता ल्याइएको।

३. राजुरुख सिँचाइ कुलो निर्माणः रु. ५०,००० बजेटबाट १८० मिटर सिँचाइ कुलो निर्माण गरी खेत तथा तरकारी खेतीमा सिँचाइ गर्न सहज बनाइएको

४. अएरपोखरी पोखरी निर्माणः रु. १,५०,००० बजेटबाट पोखरी निर्माण गरी करिब १५० घरधुरीलाई वारी तथा तरकारी खेतीमा सिँचाइ सुविधा उपलब्ध गराइएको

५. खड्केश्वरी प्रावि पर्खाल निर्माणः रु. ६०,००० बजेटबाट विद्यालयको पर्खाल निर्माण गरी विद्यालयको भौतिक संरचना सुरक्षित गरिएको

६. चदुली—बगालेपोखरा प्रतीक्षालय निर्माणः रु. १,५०,००० बजेटबाट प्रतीक्षालय निर्माण गरी आवतजावत गर्ने स्थानीयलाई बस्न सहज वातावरण तयार गरिएको

७. देउराली—चदुले घोरेटोबाटो निर्माणः रु. १,००,००० बजेटबाट घोरेटोबाटो निर्माण गरी करिब ३५० स्थानीयको आवतजावतमा सहजता ल्याइएको

८. स्यानीलेख बाच्छ्ालाउने प्रतीक्षालय निर्माणः रु. १,५०,००० बजेटबाट प्रतीक्षालय निर्माण गरी आवतजावत गर्ने स्थानीयलाई विश्रामका लागि सहज बनाइएको

९. सलिथुम खेलमैदान निर्माणः रु. २,००,००० बजेटबाट खेलमैदान निर्माण गरी खेलाडी तथा खेलप्रेमीलाई खेलकुद गतिविधिमा सहजता र राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा सहयोग पुऱ्याइएको

१०. मगर दिवस कार्यक्रमः रु. २०,००० बजेटबाट मगर दिवस मनाई मगर समुदायको संस्कृति, भाषा तथा पहिचान संरक्षण र समुदायबीच एकता कायम गर्न सहयोग गरिएको

११. पञ्चेबाजा बजाउनेसम्बन्धी तालिमः रु. १,१५,००० बजेटबाट पञ्चेबाजा बजाउने तालिम प्रदान गरी सहभागीहरूलाई सीप सिकाई आत्मनिर्भर बन्न सहयोग गरिएको

१२. लक्षित वर्ग व्यवस्थापन कार्यक्रमः रु. ३०,००० बजेटबाट बाल पोषण भत्ताको उपयोगसम्बन्धी अभिभावकलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको

१३. साँगुरी खोला प्रतीक्षालय मर्मतः रु. ८०,००० बजेटबाट चुदरीखोलास्थित प्रतीक्षालयमा ६ मिटर लामो र ३ मिटर चौडा तथा ९० से.मी. उचाइको संरचना निर्माण गरी मर्मत गरिएको

१४. जनजागृति प्रावि भवन मर्मतः रु. १,००,००० बजेटबाट विद्यालय भवनको छतको खुला भाग बन्द गरी विद्यालयको भौतिक संरचना सुधार गरिएको

१५. थाम पदिमे घोरेटोबाटो मर्मतः रु. ५०,००० बजेटबाट ३०० मिटर घोरेटोबाटो मर्मत गरी स्थानीयको आवतजावत सहज बनाइएको

१६. खाजुरे—उपल्लो देउघर विष्ट देवस्थल जाने मोटरबाटोः रु. ६०,००० बजेटबाट ११७ मिटर नयाँ मोटरबाटोको ट्र्याक खोलिएको

१७. साउनेपानी, सुगुरे तथा पदिमे खेलमैदानः रु. २,२५,००० बजेटबाट तीनवटै खेलमैदानको संयुक्त रूपमा विकास तथा व्यवस्थापनको कार्य अघि बढाइएको

१८. गोगनपानी खानेपानी मर्मतः रु. २,५०,००० बजेटबाट ३२ एमएमको १,५०० मिटर पाइप खरिद गरी मुहानदेखि गाउँसम्म पानी पुऱ्याई २२ घरधुरीलाई खानेपानी सुविधा उपलब्ध गराइएको

१९. अरवाङ्ग देउराली मन्दिर निर्माणः रु. ४,००,००० बजेटबाट अर्वाग देउरालीमा नयाँ मन्दिर निर्माणको कार्य अघि बढाइएको

२०. महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहनः रु. ३०,००० बजेटबाट वडा नं. १ मा कार्यरत चार जना महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनस्वरूप सम्मान गरिएको

२१. विभिन्न मोटरबाटो मर्मतः रु. ५,००,००० बजेटबाट वडा क्षेत्रका विभिन्न मोटरबाटो मर्मत गरी सवारीसाधनको नियमित आवतजावतमा सहजता ल्याइएको

२२. पशु सेवा उपचार कार्यक्रमः रु. ५०,००० बजेटबाट पशु औषधि खरिद गरी पशु स्वास्थ्य तथा उपचारसम्बन्धी सेवा सञ्चालन गरिएको

२३. खेलकुद कार्यक्रमः रु. १,५०,००० बजेटबाट खेलकुद कार्यक्रम सञ्चालन गरी खेलाडीलाई खेलप्रति जागरुक तथा उत्साहित बनाइएको

२४. विविध खर्चः रु. २,००,००० विनियोजित बजेटमध्ये रु. १,४३,२२० खर्च गरी आवश्यक विविध कार्यक्रम तथा कार्यहरू सञ्चालन गरिएको

२५. वडा कार्यालय पछाडि शेयरवाल निर्माणः रु. २,५०,००० बजेटबाट वडा कार्यालयको पछाडि शेयरवाल निर्माण गरी वडा कार्यालयको भवन तथा संरचनालाई सुरक्षित गरिएको

२६. वडा कार्यालय शौचालय मर्मतः रु. ५०,००० बजेटबाट वडा कार्यालयको शौचालय मर्मत गरी सेवा प्रवाहका लागि आवश्यक सुविधा सुधार गरिएको

२७. सार्वजनिक स्थानमा सेन्सर लाइट जडानः रु. १,००,००० बजेटबाट वडा क्षेत्रका विभिन्न सार्वजनिक स्थानमा सेन्सर लाइट जडान गरी शान्ति, सुरक्षा तथा सुव्यवस्था कायम गर्न सहयोग पुऱ्याइएको

**वडा नं २**

१. कृषि प्रवर्द्धन कार्यक्रमः रु. १,००,००० बजेटमा कृषक तथा कृषि व्यवसायमा संलग्न व्यक्तिहरूलाई लाभान्वित हुने गरी कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको

२. सिंचाइ कुलो मर्मत तथा निर्माणः विभिन्न स्थानका सिंचाइ कुलो मर्मत तथा निर्माणका लागि रु. २,००,००० बजेटबाट ५०० घरधुरी लाभान्वित हुने गरी १२३ मिटर सिंचाइ कुलो निर्माण तथा मर्मत गरिएको

३. मठमन्दिर मर्मतः पत्राकोट, सिउते र कयाँर पोखरीका विभिन्न मठमन्दिर मर्मतका लागि रु. १,५०,००० खर्च गरी संरचना मर्मत तथा सुधार गरिएको

४. परजीव नियन्त्रणः रु. १,००,००० बजेटमा परजीव नियन्त्रणका लागि न्यून मूल्यमा औषधि उपलब्ध गराइएको

५. खन्नीखोला मसानघाट जाने बाटो निर्माणः खन्नीखोला मसानघाट जाने बाटो निर्माणका लागि रु. ५०,००० बजेटबाट ४० मिटर पीसीसी बाटो निर्माण गरिएको

६. सेन्सर बल्ब जडानः विभिन्न बस्ती तथा सार्वजनिक स्थानमा रु. १,४०,००० बजेटबाट सेन्सर बल्ब जडान गरी बस्तीलाई सुरक्षित बनाउने कार्य गरिएको

७. मधुर्के—मुड़खोला—स्यालाबारी मोटरबाटो मर्मत तथा निर्माणः रु. १,५०,००० बजेटबाट ६०० मिटर होम पाइप तथा २९० मिटर नयाँ ट्र्याक निर्माण गरी मोटरबाटो मर्मत तथा सुधार गरिएको

८. कुडुले—चुँजा खेलमैदान व्यवस्थापनः कुदुले र चुँजाका खेलप्रेमीलाई लाभान्वित हुने गरी रु. १,५०,००० बजेटबाट खेलमैदान व्यवस्थापन गरी ४८ मिटर तारजाली लगाइएको

९. विभिन्न मोटरबाटो मर्मतः वडा नं. २ का विभिन्न मोटरबाटोमा रु. ५,००,००० खर्च गरी करिब ४१०० मिटर सडक मर्मत गर्दा करिब ७०० घरधुरी लाभान्वित भएको

१०. पालुसिद्ध प्रावि खिरिण्डाँडा घेराबारः खिरिण्डाँडा विद्यालयमा रु. १,००,००० बजेटबाट २४ मिटर तारजाली लगाई विद्यालयको घेराबार निर्माण गरिएको

११. सरस्वती प्रावि मरुभुङ घेराबारः मरुभुङस्थित सरस्वती प्राविमा रु. १,००,००० बजेटबाट १२ मिटर तारजाली तथा १७ मिटर ढुंगाको वाल निर्माण गरिएको

१२. जगदम्बा प्रावि चुँजाखर्क व्यवस्थापनः जगदम्बा विद्यालय व्यवस्थापनका लागि रु. १,००,००० बजेटबाट ११ मिटर ढुंगाको वाल निर्माण तथा कार्यालय कोठामा पार्टिसन गरिएको

१३. युवा लक्षित खेलकुद कार्यक्रमः वडा नं. २ कार्यालयबाट रु. १,५०,००० बजेटमा करिब २५० जना युवालाई लक्षित गरी क्रिकेट तथा महिला—पुरुष भलिबल प्रतियोगिता सञ्चालन गरी पुरस्कार तथा उत्कृष्ट खेलाडीलाई अवार्ड प्रदान गरिएको

१४. भानु मावि स्वर्ण महोत्सव स्मारिका प्रकाशनः भानु माध्यमिक विद्यालयको स्वर्ण महोत्सवका अवसरमा रु. १,००,००० बजेटबाट १,००० प्रति स्मारिका प्रकाशन गरिएको

१५. अमर मावि कक्षा बसाइ व्यवस्थापनः अमर माध्यमिक विद्यालयमा रु. ५०,००० बजेटबाट शिशु कक्षादेखि कक्षा ३ सम्मका विद्यार्थीलाई लाभान्वित हुने गरी कक्षा बसाइ व्यवस्थापन गरिएको

१६. गाउँघर क्लिनिक व्यवस्थापनः बाँन्रा, बाख्खाखोर र सिउते गाउँघर क्लिनिकका लागि रु. ५०,००० बजेटबाट आवश्यक उपकरण तथा सामग्री खरिद गरी सेवा व्यवस्थापन गरिएको

१७. स्वयंसेविका प्रोत्साहनः वडा नं. २ का ४ जना स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनस्वरूप दराज, ब्याग र छाता उपलब्ध गराइएको

१८. चुँजा युवा क्लब कार्यालय व्यवस्थापनः चुँजा युवा क्लबको कार्यालय व्यवस्थापनका लागि रु. ४०,००० बजेटबाट दराज, प्लास्टिक कुर्सी तथा कार्यालय टेबल उपलब्ध गराइएको

१९. कयाँर पोखरी खेलकुद फिल्ड निर्माणः कयाँर पोखरीमा रु. ५०,००० बजेटबाट करिब १५० जनालाई लाभान्वित हुने गरी १७ मिटर तारजाली लगाई खेलकुद मैदान निर्माण गरिएको

२०. सिउते—छेडापोखरी खेलमैदान मर्मतः छेडापोखरी खेलमैदानमा रु. ७५,००० बजेटबाट पीसीसी ढलान तथा चार थान फलामको बेन्च निर्माण गरिएको

२१. रामे दमाई विपन्न नागरिक आवासः चुँजा खौलीपोखरीका विपन्न नागरिक रामे दमाईको आवास निर्माणका लागि रु. ७५,००० बजेटबाट घर निर्माण गरिएको

२२. खिरिण्डाँडा तल्लो टोल प्रतीक्षालय निर्माणः खिरिण्डाँडा तथा स्यालाबारीका बासिन्दालाई लाभान्वित हुने गरी रु. ७५,००० बजेटमा ट्रस तथा १४ वटा जस्ता पाताले छानो छुवाई प्रतीक्षालय निर्माण गरिएको

२३. सरस्वती प्रावि मरुभुङ खानेपानीः मरुभुङस्थित सरस्वती प्राविमा रु. १,००,००० बजेटबाट विद्यालय परिवारका लागि ४ घनमिटर क्षमताको खानेपानी ट्यांकी निर्माण गरिएको

२४. जनकल्याण प्रावि फिल्ड निर्माणः खन्नीखोलास्थित जनकल्याण प्राथमिक विद्यालयमा रु. १,२५,००० बजेटबाट २६ घनमिटर ग्याबियन जाली लगाई खेलमैदान निर्माण गरिएको

२५. मरुभुङ कुदार पाइप तथा सिंचाइ पोखरीः मरुभुङ कुदारमा रु. १,००,००० बजेटबाट एक थान ट्यांकी निर्माण तथा १३० मिटर पाइप खरिद गरी सिंचाइ सुविधा विस्तार गरिएको

२६. पालुसिद्ध प्रावि ट्यांकी निर्माणः खिरिण्डाँडास्थित पालुसिद्ध प्राथमिक विद्यालयमा रु. ७५,००० बजेटबाट ५ घनमिटर क्षमताको खानेपानी ट्यांकी निर्माण गरिएको

२७. ज्येष्ठ नागरिक प्रतीक्षालय निर्माणः कुदार क्षेत्रमा ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी रु. ५०,००० बजेटबाट प्रतीक्षालय निर्माण गर्ने कार्य गरिएको

२८. एक वडा एक रिचार्ज पोखरीः सिउतेमा रु. ५०,००० बजेटबाट रिचार्ज पोखरी निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिएको

**वडा नं ३**

१. बुकीडाँडा पर्यटकीय क्षेत्र जाने अधुरो सिँढी निर्माणः रु. १,००,००० बजेटबाट बुकीडाँडा पर्यटकीय क्षेत्रमा जाने ५२ मिटर सिँढी/गोरेटो निर्माण गरी वार्षिक अनुमानित २,००० पर्यटकलाई आवतजावतमा सहजता पुऱ्याइएको

२. धनुबास खानेपानी मर्मतः रु. १,००,००० बजेटबाट धनुबास बस्तीका १३ घरमा धारा जडान,एक थान ट्यांकी निर्माण तथा आवश्यक पाइप वितरण गरी खानेपानी सुविधा सुधार गरिएको

३. जेविनडाँडा—घर्तिटोला—बरमुरा क्रियापुत्री भवन निर्माणः रु. १,००,००० बजेटबाट जेमुनडाँडा बस्तीमा दुईवटा क्रियापुत्री भवन निर्माण गरिएको

४. अमिलिखोला क्रियापुत्री भवन निर्माणः रु. ७०,००० बजेटबाट बरबोट—मझपोखरा बस्तीका समुदायका लागि एक क्रियापुत्री भवन निर्माण गरी करिब ५० घरधुरीलाई लाभान्वित गरिएको

५. उपल्लो बन्चरे क्रियापुत्री भवन निर्माणः रु. ७०,००० बजेटबाट उपल्लो बन्चरे बस्तीका लागि एकवटा क्रियापुत्री भवन निर्माण गरिएको

६. बेल्तिपाटा—गैराटोला डुवा निर्माणः रु. ७०,००० बजेटबाट बेल्तिपाटादेखि गैराटोलासम्म ६५ मिटर डुवा निर्माण गरी स्थानीय बासिन्दाको आवतजावत सहज बनाइएको

७. मुख्य पँधेरा खानेपानी निर्माण तथा तल्लो बन्चरे धारा जडानः रु. १,००,००० बजेटबाट १,२७५ मिटर पाइप खरिद गरी तल्लो बन्चरेका २८ घरका लागि गेटभल्भ वितरण गरिएको

८. छाप बस्ती खानेपानी मर्मत तथा धारा जडानः रु. १,५०,००० बजेटबाट १.५ एचपी मोटर पम्प खरिद गरी तल्लो ट्यांकीबाट उपल्लो ट्यांकीमा पानी तान्ने व्यवस्था मिलाइएको

९. सुपा देउराली मन्दिर देउघर घेराबार तथा खसिनी खर्क मन्दिर निर्माणः रु. १,५०,००० बजेटबाट मन्दिरको छानो, बस्ने पेटी, प्लास्टर तथा पेन्टिङ र ३८ मिटर घेराबार निर्माणको काम सम्पन्न गरिएको

१०. रैजन्पानी—चौरपानी खानेपानी मर्मतः रु. १,००,००० बजेटबाट २८ घरका लागि जीआई पाइप तथा आवश्यक फिटिङ सामग्री खरिद गरी बाँकी धारा जडानको व्यवस्था गरिएको

११. बुकेनी खोप केन्द्र भवन निर्माणः रु. ६,००,००० बजेटबाट बुकेनी बस्तीमा दुई कोठे खोप केन्द्र भवन निर्माण गरिएको

१२. ठुलोपोखरा महिला भवन निर्माणः रु. ५,००,००० बजेटबाट उपल्लो मुन्डाडा बस्तीको ठुलोपोखरामा महिला भवनको माथिल्लो भागमा ढलान कार्य सम्पन्न गरिएको

१३. मझपोखरा महिला भवन निर्माणः रु. ५,००,००० बजेटबाट बरबोट बस्तीका लागि एक कोठे महिला भवन निर्माण सम्पन्न गरिएको

१४. धरमपानी—ठाँटीछेडा प्रतीक्षालय निर्माणः रु. ५,००,००० बजेटबाट धरमपानी बस्तीका उपभोक्ताका लागि प्रतीक्षालय निर्माण तथा माथिल्लो भागमा ६.५ घनमिटर म्यासोनरी वालसहित मन्दिर निर्माण गरिएको

१५.प्रहरी चौकी अगाडि प्रतीक्षालय निर्माणः रु. १,००,००० बजेटबाट तल्लो बरबोटका उपभोक्तालाई लक्षित गरी प्रतीक्षालय निर्माण गरिएको भए पनि ढलान कार्य बजेट अभावका कारण बाँकी रहेको

१६.बराह मन्दिर तल्लो थापाटोला निर्माणः रु. ७५,००० बजेटबाट जेमुनडाँडा थापा बस्तीस्थित बराह मन्दिर परिसरमा घेराबार निर्माण गरिएको

१७.बहुला खोला खानेपानी मर्मतः रु. १,००,००० बजेटबाट जेमुनडाँडाको रानाटोला बस्तीका लागि १,००० मिटर पाइप खरिद तथा खन्ने—पुर्ने कार्य सम्पन्न गरिएको

१८.उपल्लो बन्चरे खर्क मोटरबाटो निर्माणः रु. ५०,००० बजेटबाट २५० मिटर नयाँ मोटरबाटो निर्माण गरिएको

१९.धनुबास तथा तल्लो बन्चरे मोटरबाटो निर्माणः रु. १,००,००० बजेटबाट १६० मिटर नयाँ ट्र्याक निर्माण तथा थप १६० मिटर बाटो स्तरोन्नति गरिएको

२०.अमरज्योति प्रावि रंगरोगन तथा सिरकोट बालविकास शौचालय मर्मतः रु. १,००,००० बजेटबाट अमरज्योति प्राविको रंगरोगन तथा कार्यालयको नयाँ ढोका जडान र सिरकोट बालविकासको शौचालय मर्मत सम्पन्न गरिएको

२१.गिरिचौर खानेपानी मर्मतः रु. ५०,००० बजेटबाट १६ मिटर पाइप तथा दुईवटा सकेट खरिद गरी पुरानो ट्यांकी मर्मत तथा पानी बोक्ने स्थान निर्माण गरिएको

२२.सजबोट सिँचाइ कुलो निर्माणः रु. ४०,००० बजेटबाट ३२ मिटर सिँचाइ कुलो निर्माण सम्पन्न गरिएको

२३. अतिविपन्न आवास निर्माणः रु. ५०,००० बजेटबाट अतिविपन्न परिवारको घरमा टिनको छानो लगाउने कार्य सम्पन्न गरिएको

**वडा नं ४**

१. विद्यार्थी सम्मान तथा शैक्षिक सामग्री वितरणः मल्लरानी गाउँपालिका—४ का सम्पूर्ण विद्यालयमा कक्षा १ देखि ९ सम्म पहिलो, द्वितीय र तृतीय हुने विद्यार्थीलाई शैक्षिक सामग्री तथा सम्मान प्रदान गरी विद्यार्थीको अध्ययन तथा शैक्षिक प्रगतिमा प्रोत्साहन गरिएको

२. महिला स्वास्थ्य स्वयंसेविका सम्मान तथा प्रोत्साहनः महिला स्वास्थ्य स्वयंसेविकाहरूको योगदानको कदर गर्दै करुवा, झोला तथा सल प्रदान गरी सम्मान तथा प्रोत्साहन गरिएको

३. संस्कृति संरक्षण तथा प्रवर्द्धनः स्थानीय संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण र प्रवर्द्धनमा सहयोग पुऱ्याइएको

४. प्रतीक्षालय निर्माणः सर्वसाधारणको आवतजावत तथा विश्राममा सहजता ल्याउन एकवटा प्रतीक्षालय निर्माण गरिएको

५. सिँढी निर्माणः स्थानीयको आवतजावत सहज बनाउन ६ मिटर सिँढी निर्माण गरिएको

६. बेन्च निर्माण तथा हस्तान्तरणः १५ वटा बेन्च निर्माण गरी जनजागृति माध्यमिक विद्यालय, कसेरीलाई हस्तान्तरण गरिएको

७. विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताः विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता सञ्चालन गर्नुका साथै खेलकुद सामग्री खरिद गरी विद्यार्थीको खेलकुद क्षमता विकासमा सहयोग गरिएको

८. सोलार जडानः तेस्रो गल्लीमा एक थान सोलार जडान गरी सार्वजनिक स्थानमा प्रकाशको सुविधा उपलब्ध गराइएको

९. युरिनल तथा शौचालय निर्माणः १० वटा युरिनलसहित पाँचवटा शौचालय निर्माण गरी विद्यालय तथा सार्वजनिक क्षेत्रमा सरसफाइ र स्वच्छता प्रवर्द्धन गरिएको

१०. व्यायामशाला उपकरण तथा स्पोर्ट निर्माणः ६ वटा व्यायामशाला उपकरण खरिद गरी स्पोर्ट निर्माण तथा शारीरिक व्यायामका लागि आवश्यक पूर्वाधार व्यवस्थापन गरिएको

११. राधाकृष्ण मन्दिर मर्मत तथा रेलिङ निर्माणः राधाकृष्ण मन्दिरमा प्लास्टर तथा रंगरोगन गर्नुका साथै २७ मिटर रेलिङ निर्माण गरी मन्दिरको भौतिक संरचना सुधार गरिएको

१२. पञ्चेबाजा खरिद तथा हस्तान्तरणः एक सेट पञ्चेबाजा खरिद गरी शिवालय परियार टोल समितिलाई हस्तान्तरण गर्दै स्थानीय कला, संस्कृति तथा परम्पराको संरक्षणमा सहयोग गरिएको

१३. बालविकास केन्द्रमा एलइडी टिभी व्यवस्थापनः बालविकास केन्द्रमा एक थान एलइडी टिभी जडान गरी हस्तान्तरण गरेर बालबालिकाको सिकाइ तथा शैक्षिक गतिविधिमा सहयोग पुऱ्याइएको

१४. घेराबार निर्माणः सम्बन्धित स्थानमा ६५ मिटर घेराबार निर्माण गरी सार्वजनिक तथा संस्थागत सम्पत्तिको संरक्षण गरिएको

१५. खलंगा खानेपानी उपभोक्ता समितिको भवन निर्माणः खलंगा खानेपानी उपभोक्ता समितिका लागि एक कोठे भवन निर्माण गरी समितिको कार्यसम्पादन तथा सेवा व्यवस्थापनमा सहजता ल्याइएको

१६. खानेपानी इन्टेक निर्माणः खानेपानीको मुहान संरक्षण तथा पानी संकलनका लागि १ वटा खानेपानी इन्टेक निर्माण गरिएको

१७. सिँढी निर्माणः स्थानीय बासिन्दाको आवतजावतमा सहजता ल्याउन थप ६ मिटर सिँढी निर्माण गरिएको

१८. पीसीसी ढलानः सडक तथा बाटोको आवागमन सहज बनाउन ६३ मिटर पीसीसी ढलान गरिएको

१९. बाटो मर्मतः वडा क्षेत्रका विभिन्न स्थानमा ५.२ किलोमिटर बाटो मर्मत गरी स्थानीयको आवतजावत तथा यातायातमा सहजता ल्याइएको

२०. मेसिनरी वाल निर्माणः सडक तथा सार्वजनिक संरचनाको संरक्षणका लागि ५.२ घनमिटर मेसिनरी वाल निर्माण गरिएको

२१. ग्याभिन वाल निर्माणः भू—क्षय तथा सडक संरक्षणका लागि १६.५ घनमिटर ग्याभिन वाल निर्माण गरिएको

**वडा नं ५**

१. कृषकलाई बीउबिजन कार्यक्रमः रु. ५०,००० बजेटबाट कृषकको मागअनुसार काक्रा, सिमी, बोडी र करेलाको बीउ खरिद गरी वडा नं. ५ का ५१४ घरधुरीलाई वितरण गरिएको

२. विभिन्न प्रतीक्षालय निर्माण निरन्तरताः रु. ४,००,००० बजेटबाट वडा नं. ५ का ६ वटा अधुरा प्रतीक्षालय निर्माण सम्पन्न जसबाट ५६३ घरधुरी लाभान्वित भएको।

३. घैंडाडा प्रतीक्षालय निर्माणः रु. १,५०,००० बजेटबाट ४.९२ मिटर × ३.९६ मिटरको एकवटा प्रतीक्षालय निर्माण गरी ४० घरधुरीलाई सुविधा पुऱ्याइएको

४. काइलावैद्य चौरमा शिव मन्दिर निर्माणः रु. १,००,००० बजेटबाट ईँटाको वाल तथा आरसीसी ढलानसहित शिव मन्दिर निर्माण गरी ५६३ घरधुरीलाई लाभान्वित गरिएको

५. भगवती तथा वर्माथान मन्दिर मर्मतः रु. १,००,००० बजेटबाट मन्दिरमा प्लास्टर, टायल तथा रंगरोगनको कार्य सम्पन्न गरी २७ घरधुरीलाई लाभान्वित गरिएको

६. बङ्गुरपालन व्यवसायीलाई अनुदानः रु. ५०,००० बजेटबाट दुई जना बङ्गुरपालन व्यवसायीलाई ५० प्रतिशत अनुदान प्रदान गरी व्यवसाय प्रवर्द्धनमा सहयोग गरिएको

७. पशु उपचार सेवाः रु. ५०,००० बजेटबाट आवश्यक पशु औषधि खरिद गरी आवश्यकताअनुसार वडा बासीलाई वितरण गरेर ५६३ घरधुरीको पशु स्वास्थ्य सेवामा सहयोग गरिएको

८. दरवाने बगैंचा शिवालय मन्दिर निर्माणः रु. १,००,००० बजेटबाट मेसिनरी वाल, आरसीसी, रड, प्लास्टर तथा गजुरसहित शिवालय मन्दिर निर्माण सम्पन्न गरी ५३ घरधुरीलाई लाभान्वित गरिएको

९. विभिन्न स्थानमा सेन्सर बल्ब जडानः रु. १,००,००० बजेटबाट कुमिकोटमा ८, टाकुरामा १ र जोरपोखरीमा २ गरी जम्मा ११ वटा सेन्सर बल्ब जडान गरी २३५ घरधुरीको सुरक्षा तथा सार्वजनिक प्रकाश व्यवस्थामा सहयोग गरिएको

१०. काइलावैद्य चौर मोटरबाटो मर्मतः रु. ३०,००० बजेटबाट विभिन्न आकारका तीनवटा ग्याभिन वाल निर्माण गरी ७८ घरधुरीलाई आवतजावतमा सहजता पुऱ्याइएको

११. तिमिले तथा धारापानी मूल संरक्षणः रु. ७०,००० बजेटबाट दुई स्थानमा मेसिनरी वाल, आरसीसी, रड तथा रंगिन कर्कटपातासहित मूल संरक्षणको कार्य सम्पन्न गरी २१ घरधुरीलाई लाभान्वित गरिएको

१२. सुपारे—तल्लो बेंसीवारी—सिमसार सिँचाइ कुलोः रु. १,००,००० बजेटबाट १३२.५० मिटर सिँचाइ कुलो निर्माण गरी २९ घरधुरीको कृषि सिँचाइ सुविधा सुधार गरिएको

१३. पलाँसे खानेपानी ट्यांकी तारबारः रु. ५०,००० बजेटबाट ३४०.५० रनिङ मिटर जीआई काँडेतार लगाई खानेपानीको मुहान संरक्षण गरी ३९ घरधुरीलाई लाभान्वित गरिएको

१४. दरभाने सुनारटोल पोखरी निर्माणः रु. ५०,००० बजेटबाट पोखरी निर्माण तथा आवश्यक स्टोन सोलिङ, पीसीसी, मेसिनरी वाल र प्लास्टरको काम सम्पन्न गरी २५ घरधुरीलाई लाभान्वित गरिएको छ।

१५. धारापानी खानेपानी व्यवस्थापनः रु. ६०,००० बजेटबाट ३२० मिटर ३२ एमएम पाइप, आवश्यक औजार तथा भल्भ खरिद गरी पाइपलाइन खन्ने कार्यसमेत सम्पन्न गरेर २६७ घरधुरीलाई खानेपानी व्यवस्थापनमा सहयोग गरिएको

१६. ठूलो पँधेरा मर्मतः रु. ५०,००० बजेटबाट एचडीपीई पाइप, मेसिनरी वाल तथा प्लास्टरको काम गरी पँधेरो संरक्षण तथा मर्मत गरिएको

१७. युवा खेलकुद कार्यक्रमः रु. ५०,००० बजेटबाट वडा स्तरीय भलिबल प्रतियोगिता आयोजना गरी विजयी समूहलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्दै ९३ जना खेलाडीलाई खेलप्रति जागरुक बनाइएको

१८. आदर्श प्रावि दाह्रेखोला बसाइ व्यवस्थापनः रु. ५०,००० बजेटबाट २१ वटा टेबल तथा २५ वटा कुशन खरिद गरी २७ जना बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा सहयोग गरिएको

१९. भूमि विकास मावि कम्पाउण्ड वाल निर्माणः रु. २,००,००० बजेटबाट ७७.७७ वर्गमिटर ग्याभिन जाली प्रयोग गरी कम्पाउण्ड वाल निर्माण सम्पन्न गरेर ५६३ घरधुरीलाई अप्रत्यक्ष रूपमा लाभान्वित गरिएको

२०. उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रमः रु. ८०,००० बजेटबाट वडा नं. ५ का स्थायी बासिन्दा तथा कक्षा १ देखि १० सम्मका पहिलो, द्वितीय र तृतीय हुने ८० जना विद्यार्थीलाई लोगो अंकित झोला वितरण गरी सम्मान तथा प्रोत्साहन गरिएको

२१. महिला स्वयंसेविका प्रोत्साहनः रु. ३०,००० बजेटबाट साविकका पाँचवटा वडाका पाँच जना महिला स्वास्थ्य स्वयंसेविकालाई उत्कृष्ट सेवाको मूल्यांकन गर्दै नगद प्रोत्साहन प्रदान गरिएको

२२. दिवसीय कार्यक्रमः रु. १,५०,००० बजेटबाट विश्व बाल दिवस तथा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विविध कार्यक्रम आयोजना गरी करिब १५० जनालाई सहभागी गराइएको

२३. सप्तमी मेला व्यवस्थापनः रु. ३०,००० बजेटबाट जोरपोखरीमा एकादशी मेला आयोजना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा सहयोग गरिएको

२४. धुँदी लिफ्ट खानेपानी मर्मतः रु. ५०,००० बजेटबाट पाइप, पाइप सपोर्ट तथा जीआई काँडेतारको प्रयोग गरी खानेपानी योजना मर्मत गरेर २७ घरधुरीलाई लाभान्वित गरिएको

२५. एकादशी मेला व्यवस्थापनः रु. ३०,००० बजेटबाट कुमिकोटमा एकादशी मेला आयोजना गरी स्थानीय कला तथा संस्कृतिको संरक्षणमा सहयोग गर्दै १०७ जनालाई सहभागी गराइएको

२६. कालीमुनी धाव सिँचाइ कुलोः रु. १,००,००० बजेटबाट ५९.२० मिटर लामो पीसीसी सिँचाइ कुलो निर्माण गरी ५५ घरधुरीलाई सिँचाइ सुविधा पुऱ्याइएको

२७. धुँदी—बहीखोला—झाँक्रीस्थान मोटरबाटोः रु. ३,००,००० बजेटबाट १,४७० मिटर मोटरबाटो निर्माण गरी ५६३ घरधुरीलाई आवतजावतमा सहजता पुऱ्याइएको

२८. कालीमुनी ठाँटी मोटरबाटोः रु. ५०,००० बजेटबाट ८० मिटर मोटरबाटो निर्माण गरी ६३ घरधुरीलाई यातायात सुविधा विस्तार गरिएको

२९. लिस्टरी—थापा चौतारा हुँदै ठूलो पँधेरा मोटरबाटोः रु. १,००,००० बजेटबाट ५२९ मिटर मोटरबाटो निर्माण गरी ५६ घरधुरीलाई आवतजावतमा सहजता पुऱ्याइएको

३०. विभिन्न मोटरबाटो मर्मतः रु. ५,००,००० बजेटबाट वडा नं. ५ का विभिन्न मोटरबाटो मर्मत गरी ५६३ घरधुरीको नियमित आवतजावतमा सहजता ल्याइएको

३१. गोयलघारी—सुवदार—भुतेखोला—मुसखरी कुलोः रु. २,००,००० बजेटबाट ६८.१५ मिटर सिँचाइ कुलो निर्माण तथा दुईवटा ग्याभिन जाली र ४.१४ घनमिटर मेसिनरी वाल निर्माण गरी ५८ घरधुरीलाई लाभान्वित गरिएको

३२. बहीखोला सिँचाइ पाइप तथा कुलो निर्माणः रु. ५०,००० बजेटबाट २४ मिटर १४० एमएम एचडीपीई पाइप खरिद तथा जडान गरी ३१ घरधुरीको सिँचाइ सुविधा सुधार गरिएको

३३. आलमदेवी मन्दिर घेरथापाः रु. ५०,००० बजेटबाट १.५ मिटर × १.५ मिटर तथा १.८ मिटर उचाइको एकवटा मन्दिर निर्माण गरिएको

३४. विभिन्न भल नियन्त्रणः रु. ३,००,००० बजेटबाट ७६ मिटर मोटरबाटो ब्याक कटिङ, ८६ मिटर कच्ची नाली, ३४ मिटर पक्की नाली तथा ६.२५ मिटर रिटेनिङ वाल निर्माण गरी ५६३ घरधुरीलाई लाभान्वित हुने गरी भल नियन्त्रण तथा मोटरबाटो स्तरोन्नति गरिएको

३५. सरङकोट सिँचाइ पाइपः रु. ५०,००० बजेटबाट ३२ एमएमको ४३२ मिटर एचडीपीई सिँचाइ पाइप खरिद गरी २४ घरधुरीको सिँचाइ सुविधामा सहयोग गरिएको

कार्यक्रमका तस्विरहरुः



राधा कृष्ण मन्दिर निर्माण



खुल्ला व्यायामशाला निर्माण



दरबाने चिल्ड्रेन पार्क निर्माण अनुगमन



महेन्द्र मा वि विद्यालय भवन निर्माण



सोलिथुम खेल मैदान अनुगमन



सरस्वती आ.वि भवन निर्माण



खैरा कुमिकोट मो.वा प्लम वाल



घोरथापा प्रा वि कक्षाकोठा निर्माण



उपभोक्ता समितिका लागि अभिमुखिकरण कार्यक्रम



गुठकसेरी झाक्रस्थान जोड्ने कात्रेखोला कल्भर्ट



अदुवाबारी मो.वा अन्तिम नापजाँच



थाम सोलहाल्ना मो वा अनुगमन



दुग्ध जन्य पदार्थको अनुगमन




वडा स्तरीय दलित सञ्जाल गठन



निर्माणाधिन प्रशासकीय भवन